**कृषि प्रवर्द्धनको लागि प्रदेश नम्वर ३ सरकार र गैरआवासीय नेपाली संघ बीच समझदारी पत्र :**

गैरआवासीय नेपाली संघ, कृषि प्रवर्द्धन समितिले अघि सारेको 'मुना आधूनिक कृषि बजार' (Mutual Undertaking between NRNA & Agriculture Authority : MUNAA) को अवधारणा अनुसार आधुनिक कृषि बजारको परियोजनालाई सञ्चालनमा ल्याउन आवश्यक सह कार्य र कार्यान्वयन गर्न गराउन प्रदेश नं. ३ सरकार र गैरआवासीय नेपाली संघ बीच प्रदेश नं.३ का मुख्य मन्त्री माननीय डोरमणी पौडेलज्यूको अनुमतिमा प्रदेश नम्बर ३ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका मन्त्री माननीय दावा दोर्जे लामाज्यूको समुपस्थितिमा यो सहमती गरिएको छ।

नेपालको निर्वाहमूखी कृषिलाई बिशिष्टिकरण तर्फ उन्मुख गराई औद्योगिक रूपमा उत्पादन, प्रशोधन र बजारीकरणमार्फत समग्र कृषिको प्रवर्द्धनका लागि प्रदेश सरकारले निजी क्षेत्रलाई आह्वान गर्दै लिएको नीतिगत निर्णय र तत्परतामा गैरआवासीय नेपाली संघले सहकार्यको लागि आधुनिक कृषि बजारको परियोजना अघि सारेको हो। किसानले उत्पादन गरेको कृषिजन्य उत्पादनलाई उचित मुल्यमा सङ्कलन गरी प्रशोधन र बजारीकरणको व्यवस्था गर्न, उत्पादन पश्चातको नोक्सानी (Post-harvest loss) लाई न्युनिकरण गर्न, मुल्य श्रृखंला मार्फत बस्तुको गुणस्तर कायम गर्न, कृषि ब्यापार केन्द्र स्थापित गर्न, भविष्यका किसान (Future Farmers) को प्रारूप तयार गर्न, Geographically Indicated Product को रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न, PGS र GAP जस्ता अन्तरराष्ट्रिय अभ्यासमा रहेका प्रचलनलाई लागु गर्न, आफ्नै ब्राण्ड विकास गर्न, सङ्कलन-प्रशोधन र बजारीकरणको आफ्नै प्रणाली अन्तर्गत Farm to Fork को अवधारणा मार्फत Clean - Quality - Safe खाद्य वस्तुको बिक्री वितरण गर्न तथा समग्रमा कृषि उत्पादनलाई क्रमिक रूपमा प्राङ्गारिक (Organic) तर्फ उन्मुख गराउँदै कृषिलाई जनस्वास्थ्यमूखी र आत्मनिर्भर बनाउन बृहत्तर लक्ष राखिएको कृषि बजारमा सरकार, निजी क्षेत्र र गैरआवासीय नेपालीहरुको सामुहिक लगानी मार्फत संयुक्त सहकार्य गर्न आवश्यक भएकोले निम्न लिखित बुँदाहरुमा आपसी सहमति कायम गरिएको छ।

१. प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गैरआवासीय नेपाली संघ तथा निजी क्षेत्रको समेत संलग्नता गराई ७ सदस्यीय कार्यदल निर्माण गरिने छ। कार्यदलले कार्यक्षेत्रगत सर्तहरु (Terms of Reference) निर्माण गरी कार्य प्रारम्भ गर्नेछ।

२. गैर आवासीय नेपाली संघ, कृषि प्रवर्द्धन समितिले प्रस्ताव गरेको पूर्ण सामाजिक उत्तरदायित्व सहितको नाफामूलक व्यवसाय 'मुना आधुनिक कृषि बजार (Mutual Undertaking between NRNA & Agriculture Authority - MUNAA) लाई प्रदेश नं.३ सरकारले परियोजना छनौट (Project Identify) गरी नीति तथा कार्यक्रममा समावेश गर्नेछ।

३. कार्यदलले परियोजनाको सम्भाब्यता अध्ययन (Feasibility Study), बिस्तृत परियोजना प्रतिवेदन (Detail Project Report), कार्यविधि निर्माण र कम्पनी निर्माण गरे पछि हस्तान्तरण गर्नेछ। परियोजनाको सम्भाब्यता अध्ययन र बिस्तृत परियोजना प्रतिवेदनका लागि लाग्ने खर्च प्रदेश सरकारले ब्यहोर्नेछ।



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

४. गैरआवासीय नेपाली संघले विश्वभरीका नेपालीहरुलाई आह्वान गरी गैरआवासीय नेपालीहरुका पुँजीलाई सामुहिक रूपमा लगानी गर्ने, शीप दक्षता र अनुभवलाई उपयोग गर्दै आधुनिक कृषि प्रविधि र अन्तरराष्ट्रिय जगतमा सफल भएका कृषि अभ्यासहरुलाई मुलुकमा भित्र्याउन पहल गर्ने छ।

५. परियोजनाको मोडेल 'सार्वजनिक निजी साझेदारी' (Public Private Partnership) को अवधारणा अनुरुप हुनेछ।

६. परियोजनाका लागि चाहिने सङ्कलन, प्रशोधन र बिक्री केन्द्रहरुका लागि आवश्यक जग्गाको व्यवस्था प्रदेश सरकारले लामो अवधिका लागि भाडा (Lease) मा सुपथ मूल्यमा उपलब्ध गराउन सहयोग गर्ने छ। ति केन्द्रहरुका लागि बाटो, बिजुली, पानी जस्ता पूर्वाधारका लागि प्रदेश सरकारले सघाउ पुऱ्याउने छ।

७. परियोजनाको बीमा तथा आवश्यक नपुग पुँजीको लागि बित्तिय संस्थासँग कृषि ऋणको व्यवस्था गर्न प्रदेश सरकारले सहजिकरण गर्नेछ।

८. कृषकहरुको गुणस्तरीय उत्पादनलाई उचित मूल्यमा खरिद गर्ने जिम्मा (By back guarantee) आधुनिक कृषि बजार (मुना) को हुनेछ।

9. यस परियोजना अन्तर्गत पहिलो चरणमा मुख्य प्रशोधन केन्द्रसहितको आधुनिक कृषि बजार काठमाण्डौ उपत्यकामा र सहायक कृषि बजार हेटौडा, चितवन, सिन्धुली, धादिङ्ग, नुवाकोट, रामेछाप र काभ्रेपलाञ्चोकमा स्थापना गरिनेछ।

१०. यस परियोजना अन्तर्गत सङ्कलन केन्द्रहरु कृषि उपज उत्पादन हुने जिल्लाका उत्पादन स्थलको आसपासमा रहनेछ।

११. परियोजनाको व्यवस्थापन पक्ष निजी क्षेत्रले गर्नेछ। परियोजनाको अनुगमन तथा गुणस्तर नियन्त्रण निजी क्षेत्रले एक दक्ष विज्ञ समूहको संयन्त्र मार्फत गरिने छ। साथै, परियोजनाको सुरुको पाँच वर्षसम्म प्रदेश सरकारको समेत प्रतिनिधित्व रहनेछ।

१२. गुरु योजना कार्यान्वयन गर्न र Backward Linkage स्थापना गर्न आवश्यक पूर्वाधारहरु जस्तै शीत भण्डार, हरित गृह, सिंचाइ, मल बीउ, कृषि बाटो आदि निमार्णको लागि प्रदेश सरकारले सहयोग र सहजिकरण गर्नेछ।

१३. कृषिको समग्र प्रबर्द्धनका लागि आवश्यक नीति निर्माण, संघीय सरकार, स्थानीय तह, सहकारी र सम्बन्धित निकायहरुसँग समन्वय गर्न प्रदेश सरकारले सहजिकरण गर्नेछ।

१४. प्रदेश नं.३ मा रहेका कृषिसँग सम्बन्धित निकाय, सरोकारवाला संघ संस्था, सहकारी र किसानहरुलाई परियोजनासँग समन्वय, सहयोग र सहकार्यको लागि प्रदेश सरकारले सहयोग गर्नेछ।

१५. परियोजना कार्यान्वयन गर्न गराउन कुनै कठिनाई र अप्ठ्याराहरु आएमा आपसी समाझदारी र सल्लाहबाट निर्णय लीइ अघि बढाइनेछ। साथै, यस सहमती पत्रमा केही थप घट गर्नुपर्ने भएमा आपसी समझदारीबाट गर्न गराउन सकिनेछ।



प्रदेश सरकार
कृषि तथा सहकारी
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

यो सम्झौता मिति २०७६/०१/११ बुधवारका दिन प्रदेश न. ३ सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, हेटौंडामा तल हस्ताक्षरित व्यक्तिहरुको रोहवरमा सम्पन्न भएको छ ।

**गैरआवासीय नेपाली संघको तर्फबाट**

श्री भवन भट्ट
अध्यक्ष,
गैरआवासीय नेपाली संघ

**प्रदेश नं. ३ सरकारको तर्फबाट**

डा. योगेन्द्र कुमार कार्की
सचिव,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**साक्षी**

(क) श्री अरुण कुमार सुमार्गी
नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य

(ख) श्री युवराज गुरुङ्ग
संयोजक, गैरआवासीय नेपाली संघ, कृषि प्रवर्द्धन समिति ।

**साक्षी**

श्री निर्मल गदाल, उप सचिव
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

Non-Resident Nepali Association
NRNA
Kathmandu, Nepal

**रोहवर:**

माननीय मन्त्री श्री दावा दोर्जे लामा,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेशन नम्वर ३ ।